# जीवन्त, जिम्मेवार र जोसिलो निजी क्षेत्र

## नेपाल उद्योग वाणिज्य महासंघ

५७औं वार्षिक साधारण सभा

तथा

निर्वाचन २०७९

# पृष्ठभूमि

नेपालको संविधानले अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ। राज्यको विकास र निर्माणका लागि निजी क्षेत्रको भूमिका सदियौँदेखि रहँदै आएको छ । बदलिँदो विश्व परिवेशमा निजी क्षेत्रको भूमिका झनै महत्वपूर्ण देखिँदै आएको छ । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई थप विस्तारित गर्दै नेपालको संविधानले परिकल्पना गरेको स्वाधीन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने नीतिको कार्यान्वयन गर्न निजी क्षेत्रहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासंघले महत्वपूर्ण भूमिका खेलेको छ ।

लोकनाथ जोशी, जुद्धबहादुर श्रेष्ठ, इन्द्रभक्त श्रेष्ठ, राजबहादुर चिपालु, गोपालराज भण्डारी, गोपालमान श्रेष्ठ, कुमारमणि दीक्षित र गजेन्द्रदेव पाठकलगायतका व्यवसायीहरूले परिकल्पना गरेर जन्माएको व्यवसायिक सङ्गठन आज नेपालमा सरकारपछि सबैभन्दा धेरै सञ्जाल भएको सङ्गठनका रूपमा स्थापित छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त व्यावसायिक छाता सङ्गठनको रूपमा महासंघ विगत ५७ वर्षदेखि व्यवसायीहरू सँगसँगै हिँडिरहेको छ। देशका व्यापार सङ्गठनहरूको प्रतिनिधि निकायको रूपमा सङ्गठित नेउवा महासंघले निजी क्षेत्रको हितको प्रतिनिधित्व गर्दै आर्थिक वृद्धिमार्फत नेपालको सामाजिक आर्थिक विकासको प्रवर्द्धन मात्रै गरेको छैन, समय क्रममा नेपाललाई आइपरेका सङ्कटहरूमा राज्य र समाजको टेको भएर पनि उभिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ नेपाली उद्योगी व्यवसायीहरूको पेसागत संरक्षण र हक हितको सुनिश्चित गर्ने अभिप्रायले स्थापना गरिएको संस्था हो । नेपालमा समग्र उद्योग तथा वाणिज्य क्षेत्रको विकास र प्रवर्द्धनलाई मध्यनजर गर्दै स्थापित यो संस्थाले विगत ५ दशकमा नेपाली समाजमा आफ्नो छुट्टै पहिचान स्थापित गरेको छ। त्यसैले गर्दा समाजका साथै राज्यको पनि यस संस्थासँग धेरै अपेक्षाहरू छन्। महासंघले सदैव आफ्नो तर्फबाट नेपाल र नेपालीको हक हित, आर्थिक विकास, लोकतन्त्र र संविधानको रक्षाका लागि भूमिका खेलेको छ । महासंघ उद्योगी व्यवसायीहरूसँगै मुलुकको पनि आर्थिक उन्नतिको लागि समर्पित संस्था हो। नेपाली उद्योग व्यवसायहरूलाई सहजीकरण गर्दै विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउन महासंघले विभिन्न तवरबाट भूमिका खेल्दै आएको छ। महासंघ सरकारको सल्लाहकार र सहयात्री रहँदै आवश्यक परेको बेला सरकारलाई सूचना, सल्लाह र परामर्श दिने काममा पनि सक्रिय रहेको छ ।

महासंघले नेपालमा रहेका उद्योगी व्यवसायीहरुको हकहितका लागि विभिन्न प्रवर्द्धनात्मक सेवाहरू तथा नियमित रूपमा तालिम, कार्यशाला र बहस तथा गोष्ठीहरू पनि आयोजना गर्दै आएको सबैको जानकारीमा छ। समग्रमा यस महासंघले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका अतिरिक्त अन्तर्राष्ट्रिय विकास प्राथमिकता र अन्तर्राष्ट्रिय मञ्चमा राज्यले गरेका प्रतिबद्धता कार्यान्वयनमा समेत उल्लेखनीय योगदान गरिरहेको छ। नेपालभरका उद्योगी व्यवसायीहरूको साझा आवाज भएर यस महासंघले अर्थतन्त्रको आधुनिकीकरण, उत्पादन प्रक्रियाको स्तरीकरण एवम् जीवनशैली र उपभोग प्रक्रियामा गरेको योगदानले नेपालको पहिचान र क्षमतालाई विश्वव्यापी बनाउन मद्दत पुऱ्याइरहेको सन्दर्भमा महासंघको आसन्न महाधिवेशन र यसले निर्माण गर्ने नेतृत्वको भूमिका अझै बढी महत्वपूर्ण भएको छ ।

# महासंघका उपलब्धीहरू

स्थापनाकाल देखि नै यस महासंघले नेपालमा अर्थतन्त्र र निजी क्षेत्रको विकास र विस्तार साथै उद्योगी व्यवसायीहरूको हक हित प्रवर्द्धन गर्दै राज्यसंगको साझेदारीलाई प्राथमिकता दिँदै आएको छ । नेपालका उद्योग वाणिज्य क्षेत्रमा संलग्न उद्यमी तथा व्यापारीहरूको पेसागत हकहित संरक्षण एवम् उद्योग वाणिज्य क्षेत्रको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित महासंघ भएता पनि, समय क्रममा यसले खेलेको महत्वपूर्ण भूमिकाका कारण आज नेपालको विशिष्टकृत संस्थाको रूपमा नेपाल उद्योग वाणिज्य महासंघ उभिएको छ । यो महासंघको एउटा प्रमुख उपलब्धि हो ।

महासंघले आफ्ना सम्पूर्ण सदस्यहरूको उत्साह र प्रतिवद्धतालाई प्रोत्साहित गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्न निजी क्षेत्रलाई परिचालन गर्न सकेको छ । नेपालभरका व्यवसायीहरूको विश्वास र भरोसा आर्जन गर्दै सबैको प्रतिनिधि संस्थाका रुपमा महासंघ स्थापित भइसकेको छ । पाँच दशकमा महासंघले आर्जन गरेको यो सामाजिक पुँजी महासंघको महत्वपूर्ण उपलब्धि हो । यसका साथै समय समयमा, उद्योगी व्यवसायी र समग्र निजी क्षेत्रलाई आइपर्ने समस्याहरूको समाधान गर्न र अर्थतन्त्रमा आइपरेका समस्याहरू हल गर्नका लागि महासंघले सरकारसँगै संवाद गर्दै निजी क्षेत्र मैत्री व्यावसायिक वातावरण निर्माणमा समेत महत्वपूर्ण भूमिका खेलेको छ ।

महासंघको नेतृत्वमा रहेर विभिन्न कालखण्डमा उल्लेख्य योगदान पुर्याउदै महासंघलाई आज नेपालकै अग्रणी संस्थाको रूपमा उभ्याउनु भएका सम्पूर्ण अग्रज नेतृत्वलाई विशेष सम्मान गर्दै, वहाँहरूको कार्यकालमा महासंघले हासिल गरेका महत्वपूर्ण कोशेढुंगाहरू यहाँ सम्झिन चाहन्छौं ।

## लोकनाथ जोशी, अध्यक्ष (२०२२-२०२४)



- पहिलो राष्ट्रिय व्यापार तथा उद्योग सम्मेलन सम्पन्न
- नेपाल उद्योग वाणिज्य महासंघको स्थापना
- महासंघको विधान मस्यौदा भएको
- औपचारिकताको लागि पहल
- महासंघको आधिकारिक मान्यताको लागि पहल

## जुद्दबहादुर श्रेष्ठ, अध्यक्ष (२०२४-२०२८)



- महासंघको औपचारिकता स्वीकृत
- औपचारिक सचिवालय र कार्यालय स्थापना
- महासंघले गर्ने समाचारपत्रको प्रकाशन शुरू

## पशुपति गिरी, अध्यक्ष (२०२८-२०३२, २०३८-२०४४)




- रोजगारदाताहरूको सर्वोच्च निकायको रूपमा रोजगारदाता परिषद्को स्थापना
- प्रतिष्ठा र आयस्रोत आर्जनको अभ्यास
- अन्तर्राष्ट्रिय उद्योग वाणिज्य महासंघको सदस्यता प्राप्त
- महासंघको बाह्य पहुँचको विस्तार
- विदेशी वाणिज्य संघहरूसँग सम्झौतापत्रमा हस्ताक्षर

## हरीप्रसाद गिरी (२०३२-२०३५)



- विभिन्न उपसमितिहरूको स्थापना
- नीति नियममाथि विषयगत विश्लेषणको प्रारम्भ
- सरकारी उद्योग र व्यवसायिक नीतिबारे जनचेतना फैलाउने अभियानको शुरूआत

## इन्द्रभक्त श्रेष्ठ (२०३५-२०३८)



- समसामायिक आर्थिक नीति तथा कार्यक्रममा महासंघको 'पोजिसन पेपर' तयार गर्ने परम्परा सुरु
- विभिन्न जिल्लामा विषयगत बहसको शुरूआत
- सरकारको पञ्च-वर्षीय योजनामा महासंघको कुरा समावेश
- सरकार समक्ष व्यवसायीहरूको मानसम्मानमा वृद्धि
- सरकारले व्यवसायीहरूलाई गर्ने व्यवहारमा परिवर्तन

## महेशलाल प्रधान (२०४४-२०५०)



- सचिवालयका लागि जमिन खरिद
- विदेशमा महासंघको प्रभावकारी उपस्थिति
- विभिन्न परियोजनामा संलग्न
- संस्थागत विकास
- महासंघको प्राविधिक शाखाको रूपमा कृषि उद्यम केन्द्रको स्थापना

## विनोदकुमार चौधरी (२०५०-२०५२)



- महासंघको भवन निर्माण
- अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार
- भारतीय उद्योग संघ र महासंघबीच समन्वय
- आर्थिक उदारीकरणको र आर्थिक नीतिको समर्थन
- औद्योगिक सम्बन्ध फोरमको गठन

## पद्म ज्योति (२०५२-२०५४)



- सचिवालय भवनको उद्घाटन
- अन्तर्राष्ट्रिय नेटवर्कको तिव्र विस्तार
- नेपाल-भारतबीच महत्वपूर्ण व्यापार सन्धी
- औद्योगिक र विकास प्रदर्शनी
- साना तथा मझौला व्यापार विकास परियोजनाको शुरूआत
- नेपाल-चीन गैरसरकारी सहकार्य फोरम निर्माण

## आनन्दराज मुल्मी (२०५४-२०५६)



- पहिलो सामाजिक आर्थिक सम्मेलनमा ६ जना उच्चस्तरीय विदेशी सहभागि बीच नेपालको आर्थिक विकासका लागि सरकारसमक्ष योजनापत्र प्रस्तुत
- क्षेत्रमा संघ विस्तारका लागि पहल
- राजनीतिक दल र सरकारसँगको समारोह आयोजन
- मुलुकभरका उद्योगी-व्यवसायीसँग छलफल गरी मूल्य अभिवृद्धि कर
- कार्यान्वयनका विषयमा सहमतिसँगै सरकारसँग सहकार्य

## प्रदीपकुमार श्रेष्ठ (२०५६-२०५८)



- उद्योग वाणिज्य दिवसको शुरूआत र औपचारिकता प्राप्त
- कार्यसम्पादनका आधारमा चेम्बर र संघलाई सहजीकरण गर्ने परम्परा सुरू
- महासंघ उत्कृष्ट पुरस्कारको स्थापना
- नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना
- कर्पोरेट सुशासन र कर्पोरेट सामाजिक दायित्वको प्रोत्साहनका लागि पहल

## रविभक्त श्रेष्ठ (२०५८-२०६०)



- व्यापार नैतिकताको प्रोत्साहन
- व्यापार नीति नियमको मस्यौदा र स्वीकृति
- राजनीतिक दलहरूको सर्वदलीय बैठकबाट आर्थिक मुद्दामा संयुक्त प्रतिबद्धता प्राप्त
- भ्रष्टाचारविरूद्धको अभियानको शुरूआत

## बिनोदबहादुर श्रेष्ठ (२०६०-२०६२)



- औद्योगिक वातावरणका लागि सरकार र माओवादीसँग शान्ति वार्ता
- राष्ट्रिय व्यापार प्रतिष्ठानको स्थापना
- विभिन्न जिल्लामा व्यापार विद्यालय स्थापना
- एनआरएन र सरकारको सहकार्यमा विश्व सम्मेलनको आयोजना गर्ने परम्पराको शुरूआत

## चण्डिराज ढकाल (२०६२-२०६४)



- राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा महासंघको प्रतिष्ठामा वृद्धि
- विभिन्न दल र समूहसँग संवाद
- सरकारसँगको सहकार्यमा 'एक गाउँ, एक उत्पादन'
- व्यापारी र उद्यमीमाथिको हमलाविरूद्ध निजि क्षेत्रको संयुक्त अभियान
- शान्ति र विकासका लागि उच्चस्तरीय संयन्त्रसँग अन्तरक्रिया

## कुशकुमार जोशी (२०६४-२०६७)



- सरकार र माओवादीबीचको द्वन्द्व समाप्तका लागि सरकार र विद्रोहीबीच संवादको पहल
- निर्णायक बहस संवादको निरन्तरता
- अनिश्चितकालिन हड्तालको समाप्तीका लागि शान्ति वार्ताको आयोजन
- सिन्डिकेट र कार्टेल विरूद्ध सर्वोच्च अदालतमा मुद्दा दायर
- कवाडी करविरूद्ध आन्दोलनको नेतृत्व
- न्यूनतम ज्यालाका लागि ट्रेड युनियनसँग ऐतिहासिक सम्झौता

## सुरज वैद्य (२०६७-२०७०)



- महासंघको नेटवर्क विस्तार
- महासंघको सचिवालयमा संस्थागत, एसिया प्यासिफिक चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री कन्फेडेरेसन सम्मेलन, सार्क सम्मेलन र नेपाल बिजनेस कनक्लेभ जस्ता कार्यक्रमको आयोजना
- आर्थिक सम्मेलन
- जलविद्युत विकासमा शिर्ष नेताहरूद्वारा संयुक्त प्रतिबद्धता
- सचिवालयका लागि अतिरिक्त जमिन प्राप्त
- सुविधा सम्पन्न आधुनिक प्रेक्षालयको निर्माण
- सरकारसँगको सहकार्यमा 'एक जिल्ला, एक उत्पादन' अभियानको शुरूआत

## प्रदीप जंग पाण्डे (२०७०-२०७१)



- नेपालको औपचारिक भ्रमण दौरान भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता
- मुख्य राजनीतिक दलसँग संविधानउपर संवाद

## पशुपति मुरारका (२०७१-२०७३)



- भुकम्प पिडितलाई महासंघको राहत
- संघीय संरचनाअनुसार महासंघको विधान संशोधन
- मधेश आन्दोलन र नाकाबन्दीताका व्यापारिक अधिकारको लागि पहल

## भवानी राणा (२०७३ - २०७६)



- नेपाल उद्योग वाणिज्य महासंघको ५ दशकको इतिहासमा पहिलो महिला अध्यक्ष
- संघिय संरचना अनुसार महासंघको सुधारमा निरन्तरता
- कोरोना महामारीमा धराशायी उद्योग व्यवसायको हकहितको संरक्षणमा निरन्तर सक्रिय
- कोरोना कहरबीच पनि संस्थाको महाधिवेशन सम्पन्न गरी नेतृत्व चयन सुनिश्चित गर्न सफल

## शेखर गोल्छा (२०७७ - २०७९)



- महासंघको भिजन पेपर तयार
- देश संघियतामा जाँदै गर्दा प्रदेश च्याप्टरहरूलाई सुदृढ बनाउन विशेष पहल
- महासंघमा सुधारका कार्यहरूलाई निरन्तरता



## चन्द्र ढकाल (आगामी अध्यक्ष)

- मितिः २०७७ वरीष्ठ उपाध्यक्ष
- महासंघका आगामी अध्यक्ष (२०८० - २०८२)

साभारः नेउवामासंघ, रजतजयन्ति स्मारक र
नेउवामासंघ वेवसाइट

# हाम्रो वाचा, हाम्रो सङ्कल्प:

## जीवन्त, जिम्मेवार र जोसिलो निजी क्षेत्र

नेपाल उद्योग वाणिज्य महासंघले देशभरिका व्यावसायीहरूको हक र हितको संरक्षण गर्दै नेपालको आर्थिक तथा सामाजिक विकासको प्रवर्द्धन गर्ने उद्देश्यका साथ अनवरत रूपमा अगाडी बढेको छ । विश्व परिवेशमा भइरहेका परिवर्तनलाई मान्यता दिँदै खुला बजार अर्थतन्त्रको विकासमा प्रभावकारी र महत्वपूर्ण योगदान पुऱ्याउने महासंघको लक्ष्य रहेको हुँदा, यी लक्ष्य हासिल गर्नका लागि महासंघको आगामी नेतृत्वका लागि मैले दाबी पेस गरेको छु ।

नेपालको अर्थतन्त्रमा हाल देखिएका समस्याको समाधान गर्नका लागि, नेपाल उद्योग वाणिज्य महासंघको आर्थिक रूपान्तरणको रणनीतिक कार्यान्वयन गर्दै उत्पादनमुखी अर्थतन्त्रको निर्माणका लागि निजी क्षेत्रको भूमिका बढाउनु आजको अपरिहार्यता हो । नेपालमा निजी क्षेत्रको भूमिका र क्रियाशीलता बढाउँदै अर्थतन्त्रमा निजी क्षेत्रको विस्तारका लागि महासंघको वरिष्ठ उपाध्यक्षमा मेरो उम्मेद्वारी हो ।

व्यवसायीहरूको आत्मनिर्भरता र स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको राष्ट्रिय लक्ष्यलाई समर्थन गर्दै देशको व्यापार र उद्योगको सर्वोच्च प्रतिनिधि निकायको रूपमा काम गर्ने र सरोकारवाला स्वदेशी तथा विदेशी संघसंस्थाहरूसँगको सहकार्यलाई मित्रवत् र रणनीतिक ढङ्गबाट अगाडी बढाउने योजना बनाएको छु ।

महासंघले हाल गर्दै आएको व्यवसायी, सरकार र समुदायलाई अद्यावधिक सूचनासँगै सामाजिक उत्तरदायित्व र कर्पोरेट सुशासनका साथ सुसंस्कृत व्यवसायिक अभ्यास गराउने प्रयासहरूलाई निरन्तरता दिन प्रतिबद्ध छु । आउँदो चैत्र २५ गते हुने महासंघको ५७ औँ साधारण सभामा म र मेरो टिमका उद्योगी व्यवसायी मित्रहरूसँग हाम्रा हक हित संरक्षण, हाम्रा समस्याहरूको उचित सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघमा जीवन्त भूमिका निर्वाह गर्न र नेपालमा जिम्मेवार र जोसिलो निजी क्षेत्र निर्माणका लागि वाचा गर्दछौं ।

नेपाल उद्योग वाणिज्य महासंघमा वरिष्ठ उपाध्यक्ष पदका लागि उम्मेद्वारी दिनुअघि देशैभर उद्योगी व्यवसायीहरूसँग छलफल गर्दैगर्दा उठेका प्रमुख मुद्दाहरू, अर्थतन्त्रका विद्यमान समस्या निराकरणका लागि महासंघको दायित्व र राज्यका आर्थिक नीतिहरूमा सान्दर्भिक सुधारका लागि मेरो उम्मेद्वारी हो । मेरो वाचा पत्रमा उल्लेखित वाचाहरू देशभर सञ्चालन गरिएका छलफलमा उठेका विषय र मुद्दाहरूमा आधारित रहेर तयार गरिएको हो ।

# हाम्रा मुख्य एजेन्डा

सफल, सबल र सुदृढ निजी क्षेत्र

घरेलु, साना तथा मझौला उद्योगहरूको विकास

सरकार र निजी क्षेत्रका बिचमा समन्वय र सहकार्य

नीति, नियम र नियमनमा सरकारसंग सहकार्य

नेपालको अर्थतन्त्रमा संरचनागत सुधार

निजी क्षेत्रको प्रतिस्पर्धी क्षमतामा वृद्धि

# उद्योग वाणिज्य महासंघ नेपालको वरिष्ठ उपाध्यक्षमा यी प्रतिबद्धता सहित मेरो उम्मेदवारी रहने छ :

- उद्योगी व्यवसायीका कुरा सरकारमा बस्नेले ध्यानपूर्वक नसुनिइदिने विद्यमान समस्यालाई चिर्न र व्यवसायी भनेका देश विकासका लागि सरकारका सहयात्री हुन् भनेर स्थापित गराउनु मेरो मुख्य उद्देश्य हुनेछ ।

- नेपाल उद्योग वाणिज्य महासंघका अघिल्ला नेतृत्वले सुरू गरेका सुधारका कार्यहरूलाई निरन्तरता दिने छु । महासंघको कार्यालयमा हुने कार्यसम्पादनलाई सुदृढ गर्ने प्रण गर्दछु ।

- निजी क्षेत्र र सरकार नदीका दुई किनारा होइनन् । हाम्रा लक्ष्य अलग छैनन्, सरकार र निजी क्षेत्र मिलेर काम गर्दा दुवै पक्ष लाभान्वित हुनेमात्र होइन, मुलुककै सर्वांगिण विकासका लागि आधार बन्नेछ । व्यवसायीहरू पिडा सुनाइरहने र सरकारका तर्फबाट उचित सम्बोधन नहुने अहिलेको अवस्थालाई सुधार्न म अहोरात्र खटिनेछु ।

- लगानीमैत्री वातावरण निर्माण र उद्योगको प्रतिस्पर्धी क्षमता वृद्धिका लागि महासंघले उद्योगी व्यवसायीहरूलाई प्रोत्साहन गर्न सरकारसँगको साझेदारीमा सुविधासहितका आकर्षक कार्यक्रमहरू ल्याउने योजनाका लागि पहल गर्नेछु । युवा उद्यमी, स्टार्टअप तथा उद्योगी व्यवसायीहरूलाई सहजीकरण गर्नका लागि थालिएका सम्पूर्ण कार्यहरूलाई निरन्तरता दिँदै नीतिगत सुधारमा सरकारलाई निरन्तर झक झक्यउने कार्यमा विशेष जोड दिने छु ।

- नेपालमा छरिएर रहेका र असान्दर्भिक नियम कानुनहरूमा एकरूपता ल्याउन सरकार संग को सहकार्यमाप्रयास गर्ने छु । राष्ट्र बैंक, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय वा कुनै पनि नियमनकारी संघसंस्थाले कुनै नीति वा नियम बनाउँदा सरोकारवाला उद्योगी व्यवसायीसँग पर्याप्त परामर्श गर्दैन । पर्याप्त परामर्श बिना कानुन बनाउँदा र पुराना कानुनहरू अद्यावधिक नगर्दा हामीले धेरै समस्या भोग्नु परेको छ । त्यसैले पर्याप्त परामर्शसहितका तथ्यमा आधारित नीति नियम बनाउनका लागि मेरो निरन्तर प्रयत्न, पहल र पैरवी हुनेछ ।

- नेपाल उद्योग वाणिज्य महासङ्घको कार्यक्षमता र प्रभावकारिता बढाउन प्रदेश तथा स्थानीय सरकारहरूसँग सहकार्य गर्दै दोहोरो कर प्रणालीमा सुधार, व्यवसाय दर्ता सञ्चालन र खारेजी प्रक्रियामा सहजता, घरेलु तथा साना उद्योग तथा व्यवसायहरूको समस्या समाधानका लागि महासंघ र स्थानीय सरकारहरूसँगको सहकार्यलाई विशेष जोड दिने छु । महासंघका प्रादेशिक कार्यालयहरूको क्षमता बिस्तार गर्ने छु ।

- सरकारको ध्यान आन्तरिक उत्पादन बढाउने भन्दा पनि राजस्व बढाउनेतर्फ मात्रै केन्द्रित छ भन्ने प्रतित हुन्छ । यसको प्रत्यक्ष प्रभाव उद्योग तथा व्यवसायहरूमा परिरहेको छ । सरकार राजस्वतर्फ केन्द्रित हुँदा आयातमा उच्च वृद्धि हुनु र निर्यातमा गिरावट आउनु स्वाभाविक हो । आन्तरिक उत्पादन बढाउन महासंघले नयाँ र पृथक रणनीतिक योजना बनाउने र सरकारसँग सहकार्य गर्ने संकल्प गर्दछु ।

- उद्योगी व्यवसायीले धान्न सक्ने ब्याजमा ऋण उपलब्ध गराउन तथा विगत देखि नेपालमा देखिएको तरलताको समस्या समाधान गर्नका लागि महासंघले हरसम्भव प्रयास गर्ने वाचा गर्दछु । अहिले सबैभन्दा बढी साना तथा मझौला व्यवसायी समस्यामा छन् । सिमेन्ट उद्योगी, छड उद्योगी, निर्माणजन्य उद्योग, जग्गा कारोबार नहुँदा व्यवसायी छट्पटीएको अवस्था छ । होटेल रेस्टुरेन्ट, जुत्ता, चप्पलदेखि हरेक प्रकारका उद्योगी व्यवसायी मर्कामा छन्। बजारमा मागमा कमी आएको छ, उत्पादन तथा बजार माग बढाउन नीतिगत तवरबाट गाँठो फकाउनु मेरो प्रमुख दायित्व हुनेछ । यो दायित्व पूरा गर्नका लागि हरसम्भव प्रयास गर्नेछु । नेपालमा लगानीको कमीलाई सम्बोधन गर्दै, निजी क्षेत्रलाई लगानीको श्रोत जुटाउन कन्ट्री रेटिंग, हेजिंग, स्वदेशी उद्योगी व्यवसायीहरूले सहज र सरल रूपमा वैदेशिक ऋण प्राप्त गर्न सक्ने व्यवस्था आदि जस्ता आवश्यक नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न विशेष पहल गर्ने छु ।

- कर प्रणालीमा आवश्यक सुधार, लागतमा नियन्त्रण, लगानीमैत्री वातावरण र उदार अर्थनीतिजस्ता नीति नियमहरूमा महासंघको विशेष ध्यान हुनेछ । यसका लागि महासंघ तदारूकताका साथ अगाडी बढ्ने वाचा गर्दछु ।

- हाल नेपालले भोगेको आर्थिक संकटको एउटा मुख्य कारण नेपालको अर्थतन्त्र आयातमुखी हुनु हो । यसमा नेपाली निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता कम हुनुलाई मुख्य कारण मान्ने गरिएको छ । म वाचा गर्छु, मेरो कार्यकालमा नेपाली निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्ने यथासक्य प्रयत्न गर्ने छु । यसका लागि गुणस्तरीय ऊर्जा, यातायात, डिजीटलाइजेसन तथा प्रबिधिको उच्चतम प्रयोग र अन्य आवश्यक पूर्वाधारको विकास गरी व्यावसायिक लागत कम गर्न निजी क्षेत्रको तर्फबाट सशक्त हस्तक्षेप गर्नेछु । यसका साथै मानव संसाधनको क्षमता विकास गर्दै सामान्य रोजगारीको खोजीमा पनि विदेशिनुपर्ने बाध्यतालाई कम गर्न प्रयत्न गर्नेछु ।

## जीवन्त

८० प्रतिशत हाराहारीको योगदान रहेको निजी क्षेत्र जीवन्त नभएसम्म अर्थतन्त्र चलायमान हुनसक्दैन । तसर्थ निजी क्षेत्रलाई जीवन्त बनाउनु हाम्रो दायित्व हो ।

## जिम्मेवार

समाज तथा राष्ट्रप्रति जिम्मेबार निजी क्षेत्रले मात्र अर्थतन्त्र पुर्नरूत्थानमा भूमिका खेल्न सक्ने हुनाले जिम्मेबार निजी क्षेत्र बनाउनु आजको आवश्यकता हो ।

## जोशिलो

चलायमान अर्थतन्त्रको लागि सदैब जोशिलो निजी क्षेत्रले मात्र योगदान गर्नसक्ने हुनाले देखिने, सुनिने र जोशिलो निजी क्षेत्र हाम्रो प्रतिबद्धता हो ।





Federation of Nepalese Chambers of Commerce & Industry
Estd. 1965
FNCCI

# नेपाल उद्योग वाणिज्य महासंघ

## ५७औं वार्षिक साधारण सभा
## तथा
## निर्वाचन २०७९